# लक्ष्मीपुर पतारी गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय, सिरहा

## सिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सुचना

(प्रथम पटक प्रकाशित मिति : २०७५।०१।२०)

१. यस गाउँपालिकाको स्वीकृत कार्यक्रमबाट तपसिलमा उल्लेखित निर्माण कार्य गर्न सिलबन्दी बोलपत्र आवहान गरि गराउनु पर्ने भएकोले इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले देहाय बमोजिमको शर्तहरुको अधीनमा रही रीतपूर्वकको बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

२. यो सुचना प्रकाशित भएको मिति देखि ३० औं दिनसम्म बोलपत्र फाराम यस कार्यालयमा सम्बन्धित आपूर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजत पत्र, अद्यावधिक नवीकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणित प्रमाण पत्र, स्थायी लेखा नम्बर (PAN) प्रमाणित प्रमाणपत्र, आ.व. २०७३/७४ को कर चुक्ता गरेको प्रमाणित प्रमाण पत्रको प्रमाणित प्रतिलिपि, प्रस्तावित खरिद कारवाहीमा स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको स्व-घोषणापत्र नियमानुसार तपसिलमा उल्लेखित बोलपत्र फाराम दस्तुर तिरेको रसिद (रकम फिर्ता नहुने गरी) साथ निवेदन पेश गरेपछि यस कार्यालयबाट उपलब्ध गराइने छ । अथवा बोलपत्र दस्तुर यस कार्यालयको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक सिरहा शाखामा रहेको मूल संचित कोष खाता नं.४-१ /२१३०३०४०१८१११ मा जम्मा गरी सोको सक्कल भौचर पेश गर्न सकिने छ ।

३. खरिद गरिएको बोलपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सुचना प्रकाशित भएको मितिदेखि ३१ औं दिनको १२:०० वजे भित्र यस कार्यालयमा उपस्थित भई बोलपत्र दर्ता गराउन सकिने छ ।

४. बोलपत्र फाराम साथ जमानत वापतको रकम यस कार्यालयको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक, सिरहामा रहेको धरौटी खाता नं. ग-३/ २१३०३०३००७१११ मा दाखिला गरेको सक्कल भौचर वा मान्यता प्राप्त "क" वर्गको बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको ९० दिन म्याद भएको सक्कलै जमानी पत्र (बिडवण्ड) बोलपत्र साथ पेश गर्नुपर्ने छ । यसरी पेश गरिने जमानत वापतको भौचर वा ब्रिडवण्ड यो सुचना प्रकाशित भएको मिति पछिको लाई मात्र मान्यता दिइनेछ ।

५. दर्ता हुन आएको सिलबन्दी बोलपत्र फारमहरु यस कार्यालयमा बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहबरमा ३१ औं दिनको २:०० बजे खोलिने छ । समयमा निज वा निजका प्रतिनिधिहरु उपस्थिति हुन नसके पनि वोलपत्र खोल्न वाधा पर्नेछैन । बोलपत्र फारम खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन वा बोलपत्र खोल्ने दिन सार्वजनिक विदा परेमा सो लगतै कार्यालय खुलेको दिन क्रमशः सोही समयमा हुनेछ । तर बोलपत्र मान्य अवधि र जमानत मान्य अवधि शुरुकै मितिबाट कायम हुनेछ ।

६. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका, यसै सूचनाको दफा २ बमोजिमका कागजातहरु संलग्न नभएका, म्याद नाघी आएका, कुनै शर्त राखेको, दस्खत तथा छाप नभएको बोलपत्र उपर कुनै कार्यवाही गरिने छैन ।

७. प्रचलित कानून बमोजिम कलोसूचीमा परेका व्यक्ति, फर्म, संस्था वा कम्पनीका संचालकको नयाँ फर्म, कम्पनी वा संस्था खोली कारोबार गरेको भए त्यस्तो व्यक्ति, फर्म, संस्था वा कम्पनीले बोलपत्र पेश गर्न सक्ने छैन ।

८. सिलबन्दी बोलपत्र खरिद गर्ने अन्तिम दिन वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा विदा पछि लगतै कार्यालय खोलेको दिन क्रमश सोही समयमा खरिद गर्न वा दर्ता गर्न सकिने छ ।

९. Pre-Bid Meeting यस कार्यालयमा मिति मिति २०७५ जेष्ठ ११ गते दिनको १:०० वजे हुनेछ ।

१०. यस कार्यालयको हितलाई ध्यानमा राखि बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

११. बोलपत्रसंग अन्य विषयहरु सावर्जनिक खरिद ऐन, २०६३ (संशोधन सहित) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) तथा प्रचलित कानून अनुसार हुनेछ ।

१२. सिलबन्दी बोलपत्रको कामको विवरण निम्न अनुसार छ ।

**तपसिल**

| बोलपत्र/ठेक्का नं. | विवरण | अनुमानित लागत | जमानत रकम रु. | बोलपत्र फारम दस्तुर रु. |
|---|---|---|---|---|
| NCB/074-75/04 | पतारी पोखरी जिर्णोधार | ११५८८४७६.६९ | ३४५०००।- | ३०००।- |
| NCB/074-75/05 | पोखरभिण्डाको डिहबारथान- धनछवार - खरुक्याही डोमा पोखरी सम्मको बाटो ग्राभेल आयोजना | ३२७५८५८.४९ | ९८०००।- | ३०००।- |
| NCB/074-75/06 | विद्यानगरको सिमाना -पतारि -सितापुर कल्याणपुर पुर्व गाउँसम्म जोडने बाटोमा माटो तथा ग्राभेल आयोजना | ३१८९६१३.२० | ९५०००।- | ३०००।- |

प्रमुख प्रशासकिय अधिकृत